# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०५।२७ गते

## प्रेस विज्ञप्ति

### समीक्षा गोष्ठी सम्पन्न : आयोगको गरिमा बुझेर काम गर्न निर्देशन ।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा आयोजित आर्थिक वर्ष २०७३/०७४ को समीक्षा गोष्ठी मंगलबार सम्पन्न भएको छ ।

माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यात, आयुक्तहरु श्री नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी, श्री राजनारायण पाठक र डा. सावित्री थापा गुरुङको विशेष उपस्थितिमा आयोजित गोष्ठीमा सहसचिव एवं नीति योजना तथा अन्तराष्ट्रिय सम्बन्ध महाशाखा प्रमुख श्री यादव कोइरालाले कार्यक्रमको उद्धेश्यका बारेमा प्रकाश पार्नु भएको थियो भने आयोगको इटहरी, हेटौंडा, पोखरा, सुर्खेत, कञ्चनपुर, दिपायल, धनकुटा, कोहलपुर, बुटवल र बर्दिवास कार्यालयको तर्फबाट आर्थिक वर्ष २०७३/०७४ मा भ्रष्टाचार नियन्त्रण सम्वन्धी सम्पादन भएका कार्य प्रगति र भावी रणनीतिक योजना प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा समापन निर्देशन दिदै माननीय प्रमुख आयुक्त श्री बस्न्यातले भ्रष्टाचार नियन्त्रण गरेर मुलुकमा सुशासन कायम गर्ने एक मात्र संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग भएकाले त्यसको महत्व र गरिमा बुझेर काम गर्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

मुलुकको शासकीय स्वरुपमा आएको परिवर्तनसँगै आयोग अगाडि बढ्ने बताउदै माननीय प्रमुख आयुक्त श्री बस्न्यातले जिम्मेवारी लिने दायित्व पूरा नगर्ने प्रवृत्तिलाई निरुत्साहित पार्नुपर्दछ भन्नुभयो । उहाँले आयोगले गरेका काम कारवाहीहरु पारदर्शी रहेकाले नै आयोगप्रति जनताको विश्वास बढ्दै गएको बताउनुभयो ।

त्यस अवसरमा माननीय आयुक्तहरु श्री नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी, श्री राजनारायण पाठक र डा. सावित्री थापा गुरुङले अख्तियारप्रति रहेको जन विश्वासलाई कायम राखेर कर्मचारीहरुले आफूलाई तोकिएको जिम्मेवारी समयमै पूरा गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो ।

आयोगका सविच श्री राजन खनालले गोष्ठीमा उठेका विषय बस्तुमाथि प्रकाश पार्दै सूचना प्रविधिमा आधारित अनुसन्धान प्रक्रियालाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनुभयो ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता